चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सः २०८२/०८३
च.नं.

## चौथो कार्यपालिका बैठक

आज मिति २०८२/०८/०४ गते विहिबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | [signature] |
| श्री धना देवी थापा | उपाध्यक्ष | [signature] |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | [signature] |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | [signature] |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | [signature] |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | [signature] |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | [signature] |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | [signature] |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | [signature] |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | पुष्पा |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | सरोजनी |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | [signature] |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित काली प्रसाद भट्ट | प्र.अ. | [signature] |
| मनिरत्न अर्मो | ले.प. | [signature] |

Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com http://info@churemun.gov.np
Mobile no. 9858485303, 9858488012, 9858488013

[signature]

**कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. कर्मचारी कल्याण कोष कार्यविधि , २०८२ सम्बन्धमा ।
२. सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धमा ।
३. कृषि अवलोकन भ्रमणको स्थान स्वीकृत गर्ने सम्बन्धमा।
४. कम्पासे धुरा पर्यटन प्रवर्द्धनको लागि सिफारिस गर्ने सम्बन्धमा।
५. अल्लो प्रशोधन, मसला तथा मौरी घार निर्माण तालिम सम्बन्धमा ।

| निर्णय नं. | शाखा | निर्णयहरु |
|---|---|---|
| १ | प्रशासन शाखा | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को (२) तथा चुरे गाउँपालिकामा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को घ ले दिएको आधिकारको प्रयोग गर्दै कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस स्थानीय तहमा समायोजन भई आएका अन्य सेवाका स्थायी तथा अस्थायी/करारका कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ को दफा (१२) बमोजिम लोकसेवा आयोगबाट पदपुर्ति भएका कर्मचारी तथा आगामी दिनमा प्रदेश लोक सेवा आयोगबाट नियुक्त हुने कर्मचारीहरुले सेवा निवृत हुँदा पाउनु पर्ने सेवा सुविधा संचालन व्यवस्थापन गर्नका लागि निर्माण भएको **चुरे गाउँपालिकाको कर्मचारी कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८२** स्वीकृत गर्ने। |
| २ | आर्थिक प्रशासन शाखा | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा ऐ.ऐ नियमावली, २०७५ बमोजिम सामाजिक सुरक्षा कोषमा रोजगार दाताका रुपमा चुरे गाउँपालिकालाई सूचीकृत गरीएकोमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुन चाहने ईच्छुक रहेको भनि निवेदन पेश गरेका एवं आगामी दिनमा समेत यस चुरे गाउँपालिकामा काम गर्ने कर्मचारीहरुले उक्त सामाजिक सुरक्षकोषमा आवद्ध हुन चाहेमा निजहरुलाई समेत समावेस गराउने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा नियमावली २०७५ बमोजिम कुल तलवको न्यूनतम, ६०% लाई सतप्रतिशत मानी निजको तलवबाट ११% कट्टा गरी तथा कार्यालयको तर्फबाट २०% हुन आउने रकम थप गरी मंसिर महिना देखी लागु हुने गरी सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने गरी कार्य प्रक्रिया अगाडी बढाउने |
| ३ | पशु सेवा शाखा | चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस चुरे गाउँपालिकाको कृषि विकासमा टेवा पुर्याउने उद्देश्यले यस चुरे गाउँपालिकाका बिभिन्न अगुवा कृषक, आर्थिक विकास समितिका पदाधिकारी र सो सँग सम्बद्ध कर्मचारीहरुको तपसिल बमोजिमका स्थानमा गरिने अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने,<br>क) लामापाटन भैसी फर्म, कास्की<br>ख) लुम्ले कृषि फर्म, कास्की,<br>ग) कृषि तथा पशु ल्याव , कास्की पोखरा |
| ४ | उद्योग पर्यटन | चुरे गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्नको लागि वडा नं. ५ मा अवस्थित कम्पासे धुरामा पर्यटन प्रवर्द्धन तथा आवात जावत सहजिकरण गर्नको लागि उक्तक्षेत्रमा पर्यटन सडक निर्माणको लागि शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विकास विभाग स्थानीय पूर्वाधार आयोजना कार्यालय धनगढीलाई लेखी पठाउने। |
| ५ | उद्दम विकास शाखा | यस चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको उद्दम विकास शाखाको बेरोजगार तथा न्यून आए भएका व्यक्तिहरुलाई शिपमुलक तालिम सञ्चालन तथा सहभागीहरुलाई व्यवसाय प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने प्रविधी हस्तान्त्रण कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका तालिमहरु सञ्चालन गर्नुका साथै प्रविधि हस्तान्त्रण गर्ने,<br>क) **अल्लो प्रशोधन तालिमः** लाभग्राही संख्या -१५ जना (वडा नं. १ र २ बाट), |

| | | |
|---|---|---|
| | | ख) मसला प्रशोधन तालिमः लाभग्राही संख्या – १५ जना ( वडा नं. २)<br>ग) आधुनिक मौरी घार निर्माण तालिमः लाभग्राही संख्या -१२ जना ( प्रत्येक वडा बाट २/२ जना) |